**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मु आज दार्जिलिङको सिलगुडी भ्रमणमा आउनुहुनेछ।

- केंद्रीय वस्त्र मंत्री गिरिराज सिंहले पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले अल्पसंख्यक समुदायका घुसपैठहरुलाई बचाउने कोशिश गरिरहेको गंभीर आरोप लगाउनु भयो|

- भाजपाको परिवर्तन यात्राको रथ हिजो आसनसोल दक्षिण विधानसभा क्षेत्रको भगत सिंह मोड़बाट प्रस्थान गरेको छ।

- दार्जीलिङका सांसद राजु बिष्टले आफनो सांसदीय क्षेत्रमा SIR अन्तर्गत प्राप्त भएका अनेकौँ शिकायत अनि निवेदनहरूको बारेमा मुख्य निर्वाचन अधिकारीलाई पत्र लेख्नु भएको छ।

- नेपालमा, प्रधानमंत्री पदका उम्मीदवार बालेंद्र शाहको नेतृत्वमा राष्ट्रीय स्वतंत्र पार्टी आम चुनावमा ठुलो जीत तर्फ अग्रसर छ।

**<u>राष्ट्रपति द्रौपदी मुर्मु - दार्जिलिंग</u>**

राष्ट्रपति द्रौपदी मुर्मु आज दार्जिलिङको सिलगुडी भ्रमणमा आउनुहुनेछ ।उहाले सिलगडी नजिक बिधाननगर क्षेत्रमा अन्तर्राष्ट्रिय संथाल परिषद्‌द्वारा आयोजित नवौं अन्तर्राष्ट्रिय संथाल सम्मेलनमा भाग लिनुहुन्छ |

**<u>धारणा मुख्यमन्त्री</u>**

मतदाता सूचीबाट 60 लाख नाम काटिएको अनि लगभग 60 लाख नामहरुलाई 'विचाराधीन'मा राखिएको सन्दर्भमा हिजो कोलकाताको धर्मतला स्थित मेट्रो चैनलमा पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जी धारणामा बस्नु भएको छ। त्यही मंचबाट तृणमूल कांग्रेसका महासचिव अभिषेक बैनर्जीले भारतीय जनता पार्टीको आलोचना गर्नुभयो। धरनाको क्रममा अभिषेक बनर्जीले भन्नुभयो चोरी गरेर चुनाव जित्नका लागि 'लॉजिकल डिस्क्रिपेंसी'को नाममा एक करोड़ मानिसहरुको नाम मतदाता सूचीबाट हटाउने षडयन्त्र भइरहेको बताउनु भयो। उहाँले भन्नुभयो, हाम्रो मुख्यमंत्री मात्रै देशको एकमात्र नेता हो, जसले एक सामान्य नागरिकको रूपमा सुप्रीम कोर्टमा मामिला दर्ता गरी संघर्ष गरेको छ।

**<u>गिरिराज सिंह</u>**

केंद्रीय वस्त्र मंत्री गिरिराज सिंहले पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले अल्पसंख्यक समुदायका घुसपैठहरुलाई बचाउने कोशिश गरिरहेको गंभीर आरोप लगाउनु भयो| पत्रकारहरुसितको बातचीतमा केंद्रीय वस्त्र मंत्रीले भन्नुभयो, तृणमूल कांग्रेसको सरकार अब ज्यादा दिन टिक्ने वाला छैन। उहाँले राज्यक केही अधिकारी अनि तृणमूल समर्थित तत्वहरुलाई चेतावनी दिंदै भन्नुभयो, उनीहरुले आफ्नो व्यवहारमा सुधार नल्याए परिणाम भोग्न पर्नेछ।

गिरिराज सिंहले आरोप लगाउनु भयो कि ममता बनर्जी केवल ती घुसपैठिहरुलाई बचाउनमा लागि परेका छन् जो उनको वोट बैंकको ठुलो हिस्सा हो। उहाँले भन्नुभयो एस्प्लानेड क्षेत्रमा घुसपैठिहरुलाई बचाउनका लागि मुख्यमंत्री धर्नामा बस्नु शरमको कुरा हो अनि

पछिलो चुनावमा पनि यस्ता मानिसहरुको मददले मुख्यमन्त्रीलाई फायदा भएको थियो, तर अब यस्तो हुने छैन। केंद्रीय मंत्रीले यप पनि आरोप लगाए कि केंद्र सरकारको तर्फबाट राज्यलाई दिएको लगभग 15 लाख करोड़ अनुदानको ठुलो हिस्सा तृणमूल कांग्रेसका कार्यकर्ताहरुले हड़प गरेको छ। उहाँले भन्नुभयो पछिलो 15 वर्षमा धेरै नेताहरुले साइकिल देखि लग्जरी चार चक्के वाहनसम्मका यात्रा तय गरेको छ अनि भव्य घरहरु बनाएको छ।
गिरिराज सिंहले पहिले जहां राज्यको औद्योगिक वृद्धि लगभग 25 प्रतिशत थियो, हाल घटेर लगभग तीन प्रतिशत झरेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो पछिलो 15 वर्षमा जन्मिएका नानीहरुको शिरमा लगभग 80 हजार करोड़को बोझ आएको छ। उहाँले राज्यमा पहिले मार्क्सवादी कम्युनिस्ट पार्टी अनि अब तृणमूल कांग्रेसको शासनमा गुंडागर्दीलाई बढ़ावा प्रदान भएको बताउनुभयो।

**माकपा धरणा**

शुद्ध अनि त्रुटिमुक्त मतदाता सूची प्रकाशित गर्न तथा चुनावको मिति घोषित गर्ने मांगलाई लिएर कम्युनिस्ट पार्टी ऑफ इंडिया (सीपीआईएम) को तर्फबाट आसनसोलमा जिलाधिकारी कार्यालय अघि विरोध प्रदर्शन गरिएको छ। प्रदर्शन अवधि माकपा कार्यकर्ताहरुले पथावरोध गरी विरोध जताए। स्थितिको मध्यनजर पुलिसले जिलाधिकारी कार्यालयको मुख्य गेट बंद गरे। यस अवधि प्रदर्शनकारिहरु अनि पुलिस बीच हल्का बहस पनि भयो।पछि पांच सदस्यहरुको एक प्रतिनिधिमंडलले जिलाधिकारीलाई भेट गरे अनि आफ्नो मांगसित संबंधित ज्ञापन सौंपिए|यसै गरी सिलगडीको हाशमी चौकमा प्रदर्शनमा वाम नेता अशोक भट्टाचार्य, समन पाठक समेत पार्टीका धेरै कार्यकर्ता अनि समर्थक उपस्थित थिए। धरना मंचबाट अशोक भट्टाचार्यले भारत निर्वाचन आयोगको भूमिकाको कडा आलोचना गर्नुभयो। उहाँले आरोप लगाउनु भयो कि चुनाव आयोगले मानिसहरुबाट मतदान गर्ने सांवैधानिक अधिकार खोसिरहेको छ । उहाँले केंद्रको भाजपा सरकारको प्रभावमा चुनाव आयोगले हाल एक निष्पक्ष संवैधानिक संस्था जसरि काम गरेको छैन।

**भाजपाको परिवर्तन यात्रा**

भाजपाको परिवर्तन यात्राको रथ हिजो आसनसोल दक्षिण विधानसभा क्षेत्रको भगत सिंह मोड़बाट प्रस्थान गरेको छ । आसनसोल दक्षिणका विधायक अग्निमित्रा पालले शहीद भगत सिंहको प्रतिमामा माल्यार्पण गरी रथलाई कुल्टी विधानसभा क्षेत्रका लागि प्रस्थान गराउनुभयो।उल्लेखनीय छ, भाजपाको परिवर्तन यात्रा बिहिबार कल्याणेश्वरी मंदिरमा पूजा अर्चनाको साथ शुरु भएको थियो। भाजपाको आरोप छ रथ यात्रामाथि तृणमूल समर्थकहरुले हमला गरेको छ। जसमा धेरै घाइते भएको छ। थाहा लागे अनुसार यो परिवर्तन रथयात्रा कुल्टि हुँदै पुरुलिया जिल्ला तर्फ जानेछ। यात्रा अवधि भाजपा नेताहरु अनि कार्यकर्ताहरुले जनतासित संपर्क गरी पार्टीको पक्षमा समर्थन जुटाउने प्रयास गररहेको छ।

**मिरिक एसआइआर बिरोध**

एसआईआर -मा नाम काटिएको अनि विचाराधीन रहेको विरूद्ध मिरिकमा विरोध प्रदर्शन गरियाे। भारतीय गाेर्खा प्रजातान्त्रिक माेर्चा अनि तृणमूल कंग्रेसकाे सयुक्त आयाेजनामा गरिएकाे विराेध प्रदर्शनमा मिरिक खण्ड विकास कार्यालय परिसरमा व्यापक नाराबाजी गरियाे।यस अवसरमा हिल्स तृणमूल कंग्रेस चेयरम्यान एलबी राई,सभासदहरू मिलेस राई, धुर्ब बम्जन ,अरूण सिग्ची आदि पनि उपस्थित थिए।

**सांसद राजु बिष्ट**

दार्जीलिङका सांसद राजु बिष्टले आफनो सांसदीय क्षेत्रमा SIR अन्तर्गत प्राप्त भएका अनेकौँ शिकायत अनि निवेदनहरूको बारेमा मुख्य निर्वाचन अधिकारीलाई पत्र लेख्नु भएको छ । यस आशयको जानकारी सांसदले एक प्रेस बिज्ञप्ति जारी गर्दै दिनु भएको छ। श्री बिष्टले पत्र मार्फत अन्तिम मतदाता सूची जारी भएपछि, अनेकौँ व्यक्तिहरूले सबै आवश्यक औपचारिकताहरू पूरा गरे पनि उनीहरूको नाम काटिएको वा निर्णयाधीन राखिएको जानकारी गराएको बताउनु भयो। यी घटनाहरूले मतदाताहरू माझ निकै चिन्ता अनि भ्रम उत्पन्न गराएको पनि पत्रमा उल्लेखीत छ। सांसद भन्नु भएको छ, मैले स्पष्ट रूपमा बताएको छु कि विशेषगरी हाम्रो जस्तो दुर्गम अनि पहाड़ी क्षेत्रका निवासीहरूका लागि यो चुनौतिपूर्ण छ। अत्यन्तै अप्ठ्यारो भूभाग अनि सीमित पहुँचको कारण

दस्तावेजीकरणको प्रक्रियाका लागि घरिघरि यात्रा गर्नु जनतालाई अत्यन्तै गाह्रो हुन्छ। उहाँले यस मुद्दाको गम्भीरतालाई ध्यानमा राख्दै, प्रमुख निर्वाचन अधिकारीलाई नाम काटिएको वा मतदाताहरूको नाम निर्णयाधीन राखिएको सबै मामिलाहरूको तत्काल समीक्षा गर्ने अनि पुनर्प्रमाणीकरण गर्ने अनुरोध गरॐनु भएको छ।

## दार्जीलिङ नगरपालिका

दार्जीलिङ नगरपालिका वार्ड नम्बर 20 अन्तर्गत डाली स्ट्यान्ड जज बजारमा यात्रीहरूको निम्ति बनाइएको चौतारा अतिक्रमण गरिएको विषय सार्वजनिक भएपछि नगरपालिकाले कडा प्रतिक्रिया जनाएको छ।जानकारी अनुसार दार्जीलिङ जज बजार पिकअप भेन ड्राइभर वेलफेयर एसोसिएसनले नगरपालिकाको कुनै अनुमति नलिई बिना जानकारी उक्त चौतारामा कार्यालय निर्माण गरेको आरोप लागेको छ।

## नेपाल परिणाम

नेपालमा, प्रधानमंत्री पदका उम्मीदवार बालेंद्र शाहको नेतृत्वमा राष्ट्रीय स्वतंत्र पार्टी आम चुनावमा ठुलो जीत तर्फ अग्रसर छ।चुनाव आयोगको ताजा आंकड़ों अनुसार 165 निर्वाचन क्षेत्रहरुमा 28 सीटहरुको अंतिम परिणाम घोषित गरी सकिएको छ। राष्ट्रीय स्वतंत्र पार्टीले 20 सीटमा जित दर्ता गरेको छ अनि 97 निर्वाचन क्षेत्रहरुमा अघि देखिएको छ। नेपाली कांग्रेसले पांच सीटमा जितेको छ अनि 9 सिटमा अघि चलिरहेको छ, यूएमएललाई एक सीट प्राप्त भएको छ अनि 13 सिट अघि देखिएको छ, नेपाली कम्युनिस्ट पार्टीले 2 सीट जितेको छ अनि 10 बटामा अघि चलिरहेको छ, श्रम संस्कृति पार्टी 5 निर्वाचन क्षेत्रमा अघि देखिएको छ। मतगणना जारी छ।

संसदको कुल 275 सदस्यहरुमा 165 सदस्य प्रत्यक्ष मतदानको माध्यमले निर्वाचित हुनेछ, जबकि शेष 110 सदस्य आनुपातिक प्रणालीले चुनिने छ।

## मिरिक -बुन्कुलुंग -मौरी पालन

मिरिक महकुमा अन्तर्गत बुन्कुलुंग बस्तीमा क्षेत्र का २५ जना मौरी पालकहरुलाई लिएर आज जागरुकता कार्यक्रम सम्पन्न भयो l बुन्कुलुंग हानी एण्ड एग्रो प्रोसेसिंग इनडस्ट्री को ओपेरेटिभ सोसाईटी लिमिटेडको योजनामा तथा आत्मा मिरिकको सहयोग मा सम्पन्न कार्यक्रममा कृषि बिभाग मिरिकका अधिकारीहरुले आधुनिक मौरी पालन बारे मौरीपालकहरुलाई सैधान्तिक एव व्यवहारिक ग्यान प्रदान गरे l सोसाइटी का उपाध्यक्ष एनबी लिम्बु ले आज सम्पन्न कार्यक्रममा परम्परागत मौरी पालान बाट आधुनिक मौरी पालब बारे बिशेष जानकारी प्रदान गरिएको जानकारी दिनुभएको छ l

****** ० ******